समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ९ • अंक ३५० • २०७९ असोज २३ गते आईतवार • 9 Oct. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेस प्रदेशबाट प्रतिनिधिसभा सदस्यमा चुनाव लड्ने चार जना उम्मेदवारको टुंगो



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २२ असोज

नेकपा माओवादी केन्द्रले मधेस प्रदेशबाट प्रतिनिधिसभा सदस्यमा चुनाव लड्ने चार जना उम्मेदवारको टुंगो लगाएको छ। दुई उम्मेदवारको अझै टुंगो लाग्न बाँकी छ। सत्ता गठबन्धनमा भएको भागवण्डामा माओवादीले मधेस प्रदेशका ३२ मध्ये ६ सिट पाएको छ । त्यसमध्ये धनुषा १ मा मात्रिका यादव, सिराहा ३ मा विश्वनाथ साह, महोत्तरी १ मा गिरिराजमणि पोखरेल र सर्लाही २ मा महिन्द्र राय यादवलाई उम्मेदवार बनाउने तय भएको छ।

सर्लाही ३ र रौतहट ३ को भने प्रतिनिधिसभा सदस्य उम्देवार तय भइ नसकेको सचिव गणेश साहले जानकारी दिए ।

## एक दलित महिलालाई सौच गर्ने क्रममा कुटपिट

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २२ असोज



मानसिक स्थित सुस्त भएकी एक दलित महिलालाई सौच गर्ने क्रममा कुटपिट गरिएको छ। जिल्लाको जलेश्वर नगरपालिका वडा नं ५ पतैली का ३५ बर्षिय दलित महिला मान्ती देवीलाई त्यही बस्ने सिकिन्द्र मंडलले निर्घात कुटपिट गरेका छन ।

हिजो राती करिब ८ बजे घर बाहिर शौच गर्न निस्केकी मान्तीलाई मंडलले शौच गरिरहेको अवस्थामा पहिला बलत्कारको प्रयास गरेको र पछि महिलाले प्रतिकार गर्दा निर्घात कुटपिट गरेको पिडित परिवारजनले जनाएको छ । यता महिलालाई पहिला बलत्कारको प्रयास गरिएको र प्रतिकार गर्न खोज्दा कुटपिट गरिएको जानकारी प्रहरी चौकी पर्सा पतैलीमा दिदा चौकी का इन्चार्जले वडा अध्यक्ष कृष्णमोहन शर्माको दबाबमा पिडितलाई नै थुनेर जिल्लामा पठाएको थियो ।

यता स्थानियहरुले प्रहरी विरुध आक्रोसित भएपछि प्रहरी बलत्कारको प्रयास गरेका मंडललाई समेत जिल्ला मा

बांकी पृष्ठ २ मा ।

## रथयात्रामा सहभागिहरुलाई जनकपुरधामवासीहरुद्वारा भव्य स्वागत

जलेश्वरटुडे समाचारदाता
धनुषा, २२ असोज




भारतको आयोध्यावाट सुरुभएको रामराज्य रथयात्रा जनकपुरधाम आइपुगेको छ । अयोध्याबाट साधुसन्तहरुको समुह सहित विहिवार निक्लेको राम राज्य रथयात्रा जनकपुरधाम आउने क्रममा रथयात्रामा सहभागिहरुलाई जनकपुरधाम वासीले स्वागत गरेको छ ।

मोटरसाइकल सहित सिमानाका महोतरीको भिट्ठामोड पुगेको हिन्दु अभियानीहरुको समुहले रथयात्रा र सहभागि साधुसन्तहरुलाई स्वागत गरेका छन् । जनकपुरधाम आउने क्रममा महोतरीको जलेश्वर स्थित जलेश्वरनाथ महादेव मन्दिरमा रथयात्रालाई स्वागत गरिएको छ । भगवान श्री रामको दिग्विजय नेपाल भारत रथयात्रा जानकी नगर जनकपुरधाम आइपुगेको हो । अभियानीहरुले यस्ता गतिविधीले नेपाल पुनः हिन्दुराष्ट्र बन्न सघाउ पुग्ने बताउछन् ।

बिश्व हिन्दु परिषद नेपाल धनुषा, धर्मयात्रा महासंघको सहितका संघ संस्थाहरुको अगुवाईमा सिमानाकामा उनीहरुलाई स्वागत गरिएको छ। जनकपुरधाममा पनि भानुचौकमा जनकपुरधाम उपमहानगरपालिका, नयाँ वसर्पाकमा माँ जानकी जनकपुरधाम यातायात प्रा.ली., श्री श्री १०८ श्री महावीर मन्दिर, श्री जानकी मन्दिरमा महन्त सहित विभिन्न स्थानमा विभिन्न संघ संस्थाहरुले समेत रथयात्रालाई स्वागत गर्ने कार्यक्रम छ ।

## ५२ सिटमा तालमेल हुने भए पनि कतिपय क्षेत्रमा प्रतिस्पर्धा

जलेश्वरटुडे समाचारदाता
बारा, २२ असोज



नेकपा एमाले र जसपा नेपालबीच प्रतिनिधिसभा अन्तर्गत ५२ सिटमा तालमेल हुने भए पनि ती बाहेकका कतिपय क्षेत्रमा दुवै दल आपसमा प्रतिस्पर्धा गर्ने भएका छन्। यसकै एउटा उदाहरण बनेको छ बारा क्षेत्र नम्बर ३ ।

बाराको चार निर्वाचन क्षेत्रमध्ये क्षेत्र नम्बर १, २ र ४ मा एमाले र जसपाबीच तालमेल हुने भएको छ। तर क्षेत्र नम्बर ३ मा भने दुवै दल आपसमा प्रतिस्पर्धामा उत्रिने भएका छन् ।

क्षेत्र नम्बर ३ मा दुवै दलले आफ्नो दाबी नछाडेपछि सहमति जुट्न नसकेको हो। बारा ३ मा जसपाका मधेस प्रदेश अध्यक्ष रामबाबु यादव उम्मेदवार बन्ने भएका छन् । सो क्षेत्रमा एमालेबाट पोलिटब्युरो सदस्य ज्वाला साह उम्मेदवार हुने पक्का भइसकेको छ ।

दुवैले उम्मेदवारी दिने अडान राखेपछि नेतृत्व तह सो क्षेत्रमा मित्रवत् प्रतिस्पर्धा गर्ने निर्णयमा पुगेको हो । 'बारा क्षेत्र नं ३ मा मेरो र ज्वाला साहको दाबी भएपछि गठबन्धन नहुने अवस्था बन्यो, हामी दुवै मित्रवत् प्रतिस्पर्धामा उत्रने सहमति भएको छ,' जसपाका प्रदेश अध्यक्ष रामबाबु यादवले भने ।

यता नेकपा माओवादी केन्द्र त्यागेर एमाले प्रवेश गरेकी ज्वाला साहले पनि संघतर्फ बारा क्षेत्र नं ३ नछोड्ने जनाएकी छन् । 'बारा-३ मा गठबन्धन नगर्ने निर्णय भएको छ,' साहले जनाएको छ । बारा-३ मा जसपाका यादवले २०७४ को निर्वाचनमा नेपाली

बांकी पृष्ठ २ मा ।

डेंगीबाट बचौं ।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यांरा कुना काप्चामा किटनाशक औषधी छर्नकने गरौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चित्सिक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

नेपालको संविधानको विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता,
- संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्य व्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभुति,
- लोकतान्त्रिक मुल्य मान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रुसलाई हतियार पठाएको छैनौं- इरान

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ असोज




इरानले रुसलाई हतियार नपठाएको स्पष्ट गरेको छ। इरानका विदेशमन्त्रीले सो कुरा बताएका हुन् । रुस र युक्रेनको द्वन्द्वको सङ्कटका बेलामा इरानले रुसलाई हतियार सहयोग गरेको सूचना आएको थियो । सो सूचनाको खण्डन गर्दै इरानले रुसलाई हतिपार नपठाएको इरानले स्पष्ट गरेको हो ।

इरानका विदेशमन्त्री अमिर अब्दुल्लाहिनले उनका फिनिस समकक्षीसँगको फोन वार्ताका क्रममा सो कुराको जानकारी गराए । अब्दुल्लाहले आफ्ना फिनिस समकक्षी पेका हाभिस्तोसँग रुस युक्रेन युद्धका क्रममा इरानले रुसलाई हतियार दिएको छैन र आगामी दिनमा पनि इरानले रुसलाई हतियार नपठाएको इरानी विदेश मन्त्रालयले जनाएको छ। युक्रेनले यसअघि पनि रुसलाई इरानले हतियार पठाएको बताउँदै आएको थियो। हालैमात्र पनि युक्रेनका विदेशमन्त्रीले इरानको यो व्यवहार युक्रेनसँगको सत्रुतापूर्ण व्यवहार रहेको बताए । यस वर्षको सुरुआतदेखि रुसले युक्रेनमाथि हमला गर्दै आएको छ। सो हमलाको पश्चिमा देशहरुले कडा विरोध गरेका छन्। अमेरिका, बेलायत, फ्रान्स लगायतका देशले रुसको सो कार्यको विरोध गरेका हुन्।

# नोटको कथा: रंग बदलेन रु २० र रु ५०० ले, सिद्धिए रु १,२, २५ र २५०

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ असोज




दसैं भन्ने वित्तिकै सम्झने एउटा प्रमुख कुरा नोट पनि हो। पैसा नभएर दसैं मनाउन नपाएका, दसैंमा नयाँ नोट साट्ने, दसैंको लागि चानचुन पैसाको जोहो गर्ने जस्ता विषय नोटसँग नै सम्बन्धित छन् ।

नेपालमा पहिलो पटक नोट निष्कासन गरिएको विसं २००२ साल असोज १ गतेदेखि हो । सो मितिमा तत्कालिन श्री ३ जुद्ध शमशेरको इश्तिहारबाट कागजी मुद्राको रुपमा ३ दरका नोटहरु चलन चल्तीमा ल्याइयो । ती दरहरु रु ५,१० र १०० दरका थिए। हालसम्म नेपालमा ११ दरका नोटहरु चलन चल्तीमा आएका छन् । यस्तो थियो पहिलो पटक नेपाली नोट प्रचलनमा ल्याउने श्री ३ जुद्ध शमशेरको इश्तिहार- रुस्वर्गीय जयहरि झाले लेखेको पुस्तक ‘नेपाली कागजी मुद्रा: एक समीक्षा’का अनुसार नोटमा ३ जना खजाञ्चीले हस्ताक्षर गरेका छन्। तीन जना नै खजाञ्चीहरु पाण्डे थरका (जनकराज पाण्डे, भरतराज पाण्डे र नरेन्द्रराज पाण्डे) छन् । नोटमा १७ जना गभर्नरले हस्ताक्षर गरेका छन् । नेपाली नोटमा हस्ताक्षर गर्न पाउने एक जना

बांकी पृष्ठ २ मा ।

# पुष्पा-२ मा अर्जुन कपुर पुलिस अफिसर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ असोज



फिल्म ‘पुष्पा’ को दोस्रो भागलाई लिएर एक नयाँ खबर बाहिर आएको छ । खबरअनुसार ‘पुष्पा २’ लाई बलिउडसँग जोड्नका लागि निर्माताले अभिनेता अर्जुन कपुरलाई अभिनय गराउने भएका छन् । फिल्ममा अर्जुन पुलिस अफिसरको भूमिकामा हुनेछन् ।

फिल्मका निर्माताहरु फिल्मलाई ‘पुष्पा: द राइज’ भन्दा कैयौं ठूलो बनाउन चाहन्छन् । सोही कारण उनीहरुको ध्यान बलिउडका दर्शकलाई आफ्नो फिल्ममा आकर्षण रहेको छ ।

फिल्ममा अर्जुनलाई अभिनय गराउने भनिए पनि यो विषयमा हालसम्म आधिकारिक केही जानकारी बाहिर आएको छैन । यदि यो फिल्मका लागि अर्जुनले सहमति जनाए पनि उनको यो पहिलो तेलुगु फिल्म हुनेछ । बलिउडमा अर्जुनले खासै केही कमाल देखाउन सकेका छैनन् । यो अवस्थामा यसअघि हिट भइसकेको ‘पुष्पा’को सिक्वेलमा उनलाई देखिनु करियरका लागि नयाँ उचाइ हुने विश्वास गरिएको छ । ‘पुष्पा: द राइज’ गत वर्षको डिसेम्बर १७ मा रिलिज भएको थियो । फिल्ममा अल्लू अर्जुनले ‘पुष्पाराज’ र अभिनेत्री रश्मिका मन्दानाले ‘श्रीवल्ली’को भूमिकामा अभिनय गरेका थिए । फिल्मले विश्वव्यापी रुपमा ३ सय ५० करोड बढी कलेक्सन गरेको थियो । फिल्म ‘पुष्पा २’ को बजेट निर्माताले ४ सय ५० करोड बताएका छन् ।

# सर्वाधिक कमाउने फुटबल खेलाडी बने एमबाप्पे



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ असोज

फ्रेन्च फुटबल स्टार केलियन एमबाप्पे सर्वाधिक आम्दानी गर्ने फुटबल खेलाडी बनेका छन् । फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पीएसजी) का फरवार्ड एमबाप्पेलाई फोर्ब्स म्यागजिनले एमबाप्पे सर्वाधिक आम्दानी गर्ने खेलाडी बनेको बताएको हो ।

एमबाप्पे पीएसजीकै अर्जेन्टाइन स्टार लियोनल मेस्सीलाई पछि पार्दै सर्वाधिक कमाउने खेलाडी बनेका हुन् । एमबाप्पेको आम्दानी १ सय २८ मिलियन अमेरिकी डलर रहेको छ । मेस्सी दोस्रो तथा पोर्चुगिज फरवार्ड क्रिस्टियानो रोनाल्डो तेस्रो स्थानमा छन् ।

इङ्गलिश क्लब म्यानेचेस्टर युनाइटेडका फरवार्ड क्रिष्टियानो रोनाल्डोको आम्दानी १०० मिलियन अमेरिकी डलर रहेको छ । चौंथो स्थानमा पीएसजीका फरवार्ड नेयमार रहेका छन् । ब्राजिलियन फरवार्ड नेयमारको आम्दानी ८७ मिलियन अमेरिकी डलर रहेको छ ।

लिभरपुलका इजिप्सियन खेलाडी मोहमद सलाह ५३ मिलियन अमेरिकी डलरसहित पाँचौं स्थानमा रहेका छन् । छैटौं स्थानमा रहेका म्यानचेस्टर सिटीका अर्लिङ हालाण्डको आम्दानी ३९ मिलियन अमेरिकी डलर रहेको छ ।

सूचना




एकडारा गाउँपालिकाको कार्यालय, महोत्तरी

सूचना




लोहारपट्टी नगरपालिकाको कार्यालय, महोत्तरी

कामनी ब्यूटी पार्लर

यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# परिवर्तित सन्दर्भमा विद्यालय शिक्षाका अधिकारको कार्यान्वयन अवस्था

-नेपालको संविधानको अनूसूची ८मा स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षाको एकल अधिकारको व्याख्या गरिएको छ। अनूसूची ९मा ३वटै सरकारको साझा अधिकार अन्तर्गत शिक्षा खेलकुद तथा पत्र पत्रिकाको अधिकारको व्याख्या गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ले पालिकाहरुको शिक्षाका २३वटा कार्यहरु तोकेको अवस्था छ ।

अहिले विद्यालय शिक्षाको अधिकार अन्तर्गत संघस्तरमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरु प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय शिक्षा तालिम केन्द्र र शिक्षा विकास निर्देशनालयहरु र पालिकाहरुमा नगर/गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहने गरी शिक्षा युवा तथा खेलकुद शाखा वा महाशाखाको व्यवस्था कायम गरिएको छ । त्यसैगरी शिक्षाको अधिकार अन्तर्गत अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ पन्ध्रौ योजना २०७६ /०७७-२०८०/ ८१ मा स्थानीय तहको शिक्षाको अधिकार राष्ट्रिय शिक्षा नीति २०७६मा स्थानीय तहको शिक्षाको अधिकार विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/०७४-२०७९ /८०मा शिक्षाको अधिकार राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६मा शिक्षाका अधिकारको व्यवस्था रहेको छ ।

**कार्यान्वयनको अवस्था**-कतिपय पालिकाहरुले संघीय सरकारले नमुना कानूनको आधारमा कानून निर्माण गरेको सर्वविद्धित नै छ। केही पालिकाहरुले नमूना कानूनलाई आफू वा स्थानीय अनूकुल हुने गरी परिमार्जन गरेका देखिन्छ। केहीले शिक्षा ऐन निर्माण गरेका छन् भने केहीले कार्यविधी निर्माण गरेका छन्। पालिकाहरुको कानून निर्माणको अवस्थालाई हेर्दा ४४% शिक्षा स्थानीय तहले ऐन नियम बनाएको एक अध्ययनले देखिन्छ। सम्पूर्ण पालिकाहरुले ऐन नियम बनाउन नसक्नुको कारण संघीय र प्रदेशको ऐन नियम शिक्षा नबन्नु रहेको छ। त्यसैगरी द्वैत संरचनाका कारण पालिकाहरुलाई पूर्ण स्वायत तथा जवाफदेही बनाउन सकिएको छैन्। समायोजन तथा संघको विज्ञापनबाट सबै पालिकाहरुमा अझै पनि शिक्षाका जनशक्तिहरु पुग्न सकेका छैन। समायोजन भएका कर्मचारीको वृत्ती विकासको बाटो स्पष्ट नहुँदा कर्मचारीको मनोबल कमजोर भएको छ ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण बिना नै कर्मचारी समायोजन गर्दा कुनै पालिकामा कर्मचारी बढी र कुनै पालिकामा कर्मचारी कम रहेको छ । जनप्रतिनिधि र कर्मचारीहरु बिच कानून पालनाको विषयमा समय समयमा विवाद सुनिएको छ। एकीकृत शैक्षिक सूचना प्रणालीमा भएको विद्यार्थी अनुसार योजना कार्यक्रम तथा बजेट निर्माण हुन सकेको छैन। हरेक पालिकाले स्थानीय पाठ्यक्रम विकास विस २०७७बाट ४ वर्ष भित्र निर्माण गरी सक्नुपर्ने कुरा हुँदा हुँदै पनि धेरै पालिकाहरुले यो कार्यको शुरुवात पनि गरेका छैनन् । त्यसैगरी सबै पालिकाहरुमा शिक्षक दरवन्दी मिलान हुन नसक्दा सहरमा शिक्षक दरवन्दी बढी छ भने भौगीलिक विकटता र दुरदराजको पालिकामा शिक्षक अभाव देखिएको छ । **समस्या तथा चुनौतिहरु** ( अझैसम्म पनि माध्यमिक शिक्षापूर्ण रूपमा निःशुल्क हुन नसक्नु ।

(सबै पालिकाहरुमा स्थानीय पाठ्यक्रम निर्माणको सुरुवात पनि नहुनु तथा आधारभूत तह कक्षा ८ को परीक्षालाई पूर्ण रुपेण स्तरीय तथा विश्वसनीय बनाउन नसक्नु । (सबै पालिकाहरुमा विद्यालय व्यवस्थापन समितिलाई स्वायत्तता दिन नसक्नु । (आधारभूत तहमा अनिवार्य तथा निशुल्क शिक्षाको अधिकारको प्रभावकारी कार्यान्वयन हुन नसक्नु । (शैक्षिक अनुगमण, सुपरीवेक्षण कार्य गर्न पर्याप्त जनशक्ति नहुनु । (सेवा प्रवाह सेवा कार्य जनमैत्री तथा प्रविधिमैत्री नहुनु । (सङ्घ प्रदेश र स्थानीय सरकारका विद्यालय शिक्षाका एकल अधिकार.तथा साझा अधिकार.कानुनमा स्पष्ट नहुनु ।

**सुधारका उपायहरुः-**

(परवर्तित सन्दर्भमा विद्यालय शिक्षाको अधिकारको कार्यान्वयन पक्षमास्थानीय आवश्यकतार मागको आधारमासुधार गर्नकानुनी गत संस्थागत वित्तीय एवं शैक्षिक व्यवस्थापनमा सुधार गर्नु आजको नितान्त आवश्यकता रहेको छ । (संघले तीनै तहको सरकारको क्षेत्राधिकार स्पष्ट हुनेगरी संघ प्रदेश, स्थानीय शिक्षा, ऐननियमावली र कार्यविधिको विकास गर्नुपर्छ.- (अनिवार्य तथा निःशुल्क ऐन नियमावली कार्यान्वयन गर्न पालिकाहरुले शिक्षा ऐननियमावली तथा कार्यविधि तर्जुमा गर्नुपर्छ- (जन प्रतिनिधिहरुले कानुन नीति कार्यविधिको विकासमा प्राथमिकता दिनुपर्छ.- (त्यसै गरी सबै पालिकाहरुमा पालिका सभा, कार्यपालिका, नगरपालिकाको कार्यालय, सामाजिक विकास समिति, पालिका समितिमा अधिकार तथा जिम्मेवारी स्पष्ट रूपमा लागू गर्न जोड दिनुपर्छ ।- (पालिकाहरुले शिक्षामा कम्तीमा ५ देखि १५ प्रतिशतसम्मको बजेट समानीकरण अनुदानबाट विनियोजन गर्नुपर्छ.- (राजनैतिक नेतृत्वले वित्तीय जवाफदेहिता बहन गर्नुपर्छ - (राष्ट्रिय स्तरमा दरबन्दी मिलान तथा विद्यालय समायोजन पछि शिक्षक दरबन्दी लाई स्थानीयकरण गर्दै जानुपर्छ. - (शिक्षकलाई प्रविधिमैत्री बनाउन सेवाकालीन तालिमलाई अफलाइन र अनलाइनमा सञ्चालन गर्ने व्यवस्था हुनु पर्दछ.- (विद्यालय नक्साङ्कनजनसांख्यिकीय बनोटशैक्षिक तथा भौतिक पूर्वाधार पूरा भएको सुनिश्चितता को आधारमा विद्यालय वैकल्पिक विद्यालयहरू वा घुम्ती र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम को अनुमति समायोजन खारेज वा बन्द गर्ने व्यवस्था हुनुपर्छ। (विद्यालय अनुमति दिँदा शैक्षिक गुठी तथा सहकारीलाई प्राथमिकतादिँदै जानुपर्छ। - (समान तहको वरिष्ठ स्थायी शिक्षकहरु मध्येबाटप्रधानाध्यापक छनोट गर्ने व्यवस्था गरिनु पर्दछ ।

**निष्कर्ष :-**

सम्पुर्ण पालिकाहरुलाई.विद्यालय शिक्षाको अधिकार प्रयोग गर्न नीतिगत कानुनी गत संस्थागत.तथा वित्तीय गत क्षमताको विकासमा जोड दिनुपछ । परिवर्तित सन्दर्भमा एकले अर्कोलाई दोष लगाउने पद्धति बन्नु हुँदैन। बरु एक अर्को बिच सहअस्तित्व सहकार्य र समन्वयको सिद्धान्त अवलम्बन गरी कार्यान्वयनमा विशेष जोड दिनु वर्तमान समयको माग र आवश्यकता रहेको छ। वर्तमान समयमावा परिवर्तित समयमा पालिकाको माग र आवश्यकता को आधारमा माटो सुहाउँदो देश सुहाउँदो शिक्षाका अधिकारहरु बढाउँदै जानुपर्छ। सम्पुर्ण पालिकाहरुले विद्यालयमा आधारित प्रविधिमैत्री तथा वैकल्पिक शिक्षाका उपायहरु अवलम्बन गर्दै स्थानीय मागमा आधारित विद्यालय व्यवस्थापनमा जोड दिँदै शिक्षाका अधिकारहरुलाई स्थानीयकरण गर्दै कार्यान्वयनमा विशेष जोड दिनु परिवर्तित समयको माग र आवश्यकता हो ।



**नामः राजदेव यादव**
**नि.इकाई प्रमुख**
**शिक्षा विकास तथा**
**समन्वय इकाई, सप्तरी**




## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने।
– पानी राख्ने भाँडाहरू जस्तै ट्याँकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।
– घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्याँकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

शहिदनगर नगरपालिकाको कार्यालय, धनुषा

## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने।
– पानी राख्ने भाँडाहरू जस्तै ट्याँकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।
– घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्याँकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

बलवा नगरपालिकाको कार्यालय, महोत्तरी

प्रकाशक /सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम-४(मुरलीचौक), कम्प्यूटर : दिलिप कुमार साह (९८४४०५१४८७), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday